मिति: २०८१/०२/१६ | ने.सं. ११४४ वछलागा ६ बुधबार | बैठक संख्या - १८

आज मिति २०८१/०२/१६ गते बुधबारको दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८०/०८१ को अठारौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ……………………………………………………

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ……………………………………………………

३. वडा अध्यक्ष : श्री सन्तोष लिङदेन ……………………………………………………

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ……………………………………………………

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ……………………………………………………

६. वडा अध्यक्ष : श्री धनपति गिरी ……………………………………………………

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ……………………………………………………

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ……………………………………………………

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ……………………………………………………

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ……………………………………………………

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ……………………………………………………

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ……………………………………………………

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई……………………………………………………

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ……………………………………………………

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा……………………………………………………

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ……………………………………………………

१७. कम्प्युटर अपरेटर लक्ष्मी चुहान……………………………………………………

१८. कार्यालय सहयोगी श्री बजिन्द्र कुमार पुरी……………………………………………………

१९. कार्यालय सहयोगी श्री दिपेन्द्र योक्पाङदेन……………………………………………………

**प्रस्तावहरूः**

**१.** हालसम्मको आर्थिक तथा योजनागत/कार्यक्रमगत प्रगतिको समिक्षा सम्बन्धमा ।

**२.** आगामी आ.व. २०८१/०८२ को लागि प्राप्त हुने विविध अनुदानको जानकारी सम्बन्धमा ।

**३.** विविध ।

क. पशुपति मा.वि. भवन म्याद थप सम्बन्धमा ।

ख. ७ नं. वडा भवन म्याद थप सम्बन्धमा ।

ग. आवधिक योजना म्याद थप सम्बन्धमा ।

घ. स्वास्थ्य सेवा तर्फ स्टाफ नर्स सरुवा सहमति सम्बन्धमा ।

ङ. गोपेटार शिव पञ्चायन आर्थिक सहयोग सम्बन्धमा ।

च. अन्य आर्थिक सहायता सम्बन्धमा ।

**निर्णय नं. -१**

चालू आ.व. २०८०/०८१ को हालसम्मको आर्थिक प्रगतिको अवस्था तथा योजना/कार्यक्रम प्रगतिको अवस्था कार्यपालिका समक्ष शाखा प्रमुखहरुबाट पेश भई आर्थिक बर्षको अन्त्य सम्ममा कार्यान्वयन प्रभावकारिता तथा जटिलताको सम्बन्धमा छलफल तथा समिक्षा गरियो ।

**निर्णय नं. -२**

आगामी आर्थिक बर्ष २०८१/०८२ मा संघ तथा प्रदेशबाट प्राप्त हुने विभिन्न अनुदानको जानकारी प्रमुख प्रशासकीय अधिकृतबाट जानकारी प्राप्त भयो ।

**निर्णय नं. -३**

**विविध**

क. चालू आ .व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ठेक्का नं .HRM/NCB/WORKS/080 /081/02 ,
"Construction of Pashupati Mabi Building Hilihang-2" निर्माण कार्यको लागि ठेक्का आव्हान गरी मिति २०८१/०२/२० गते कार्य सम्पन्न गर्ने गरी मिति २०८०/०९/१८ गते श्री बंगलामुखी निर्माण सेवा, पाँचथरसँग ठेक्का सम्झौता भएको र निर्माण कम्पनीले २०८१/०१/३० गते सामाग्री अभाव ,सुख्खा खडेरीको समस्या समेतका कारण तोकिएको समयमा काम सम्पन्न गर्न नसकिएको भनी म्याद थपको लागि लिखित निवेदनका आधारमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ र सार्वजनिक खरिद नियमावली २०६४(तेह्रौं संशोधन समेत) नियम १२० बमोजिम आगामी २०८१ असार १५ गतेसम्म म्याद थप गर्ने ।

ख. चालू आ .व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत ठेक्का नं .HRM/NCB/WORKS/080 /081/01 Construction of Wada no. 7 Administrative Building, Hilihang-07," निर्माण कार्यको लागि ठेक्का आव्हान गरी मिति २०८१/०२/२० गते कार्य सम्पन्न गर्ने गरी मिति २०८०/०९/१३ गते श्री टेक एण्ड सपना कन्स्ट्रकसन प्रा.लि, पाँचथरसँग ठेक्का सम्झौता भएको र निर्माण कम्पनीले २०८१/०१/३० गते बन्द हड्ताल तथा समयमा निर्माण सामाग्री उपलब्ध नभएको कारण तोकिएको समयमा काम सम्पन्न गर्न नसकिएको भनी म्याद थपको लागि लिखित निवेदनका आधारमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ र सार्वजनिक खरिद नियमावली २०६४(तेह्रौं संशोधन समेत) नियम १२० बमोजिम आगामी २०८१ असार १५ गतेसम्म म्याद थप गर्ने ।

ग. चालू आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत गाउँपालिकाको आ.व. २०८१/०८२ देखि २०८५/०८६ सम्मको दोश्रो आवधिक योजना निर्माण गर्न Research Enclave Pvt. Ltd. सँग मिति २०८१/०१/२० गतेसम्म सम्पन्न गर्ने गरी मिति २०८०/०९/१७ सम्झौता भएको हुँदा कार्यालयबाट उपर्युक्त समयमा विवरण उपलब्ध नभएको कारणले सम्झौता मिति भित्र कार्यसम्पन्न गर्न नसकिएको भनी म्याद थपको लागि लिखित निवेदनका आधारमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ र सार्वजनिक खरिद नियमावली २०६४(तेह्रौं संशोधन समेत) नियम १२० बमोजिम आगामी २०८१ट असार १५ गतेसम्म म्याद थप गर्ने ।

घ. हिलिहाङ गाउँपालिका वडा नं. ३ मा अवस्थित श्री गोपेश्वर शीव मन्दिर हिलिहाङ-३, पाँचथरमा मिति २०८० साल फाल्गुन १८ गतेदेखि फाल्गुन २५ गतेसम्म आयोजित श्रीमद्भागवत महापुराण सप्ताह ज्ञानमहायज्ञमा अन्य आर्थिक सहायता शिर्षकबाट व्यवस्थापन खर्च वापत् रु. ५०,५५५।- (अक्षरेपी पचास हजार पाँच सय पच्पन्न रुपैयाँ) भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

ङ. हिलिहाङ गाउँपालिका स्थित प्राथमिक स्वास्थ्य केन्द्र, हिलिहाङ-३, गोपेटारमा स्वास्थ्य सेवा, जनरल नर्सिङ समूह सहायकस्तर पाचौं तह स्टाफ नर्स पदमा कार्यरत क.सं.नं. २२१११८ श्री रञ्जना नेपाललाई गाउँपालिकामा स्वीकृत दरवन्दी नभएको हुँदा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २४ (४) बमोजिम अन्तर स्थानीय तह सरुवा भई जान सहमति प्रदान गर्ने।

च. "हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९" बमोजिम विभिन्न मितिमा प्राप्त भएको निवेदन तथा वडाको सिफारिस उपर छलफल गर्दा हिलिहाङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९ को मापदण्ड बाहेकको अन्य विपन्न परिवारको तपसिलको व्यक्तिहरूलाई अन्य आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

**तपसिल**

| क्र.सं. | पूरा नामथर | ठेगाना | प्रकृति | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | योग बहादुर योङहाङ | हिलिहाङ-३, पाँचथर | झुण्डिएर आत्महत्या गरेको व्यक्तिलाई पोष्ट मार्टम खर्च वापत | रु. १०,०००/- | मृतकको बुबा |

छ. हिलिहाङ गाउँपालिका वडा नं. ६ स्थित थलाजुङ बस्तीमा रहेको लक्ष्मी नारायण मन्दिरमा मिति २०८१-०१-०१ गते हावाहुरीले बर पिपलको सुकेको बोट ढली तहाँ मन्दिर परिसरमा रहेका भान्साघर, पानीको धारा तथा शौचालय लगायतको संरचनाहरू पूर्ण रूपमा क्षति भएको हुँदा विपद् व्यवस्थापन कोषबाट मन्दिर व्यवस्थापन समितिलाई रु. ४०,०००/- (अक्षरेपी चालिस हजार रुपैयाँ) भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।